नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
सूचनापत्र
मासिक
आश्विन/कार्त्तिक २०६८ (October 2011) वर्ष १५/अङ्क १७५

# मिशन यात्रा २०६८/२०११

-पाष्टर राजेन्द्र कुमार रोंगोंग

परमेश्वरको इच्छा भए यो वर्षको शरद सम्मेलनमा उपत्यकास्थित नेपाली इसाई मण्डली (नेइम) बाट देशभर छरिएर रहेका नेइम आवद्ध/शाखा मण्डलीहरूमा विश्वासीहरू जाँदैछन्। यसबारे पोहोर सालदेखि नै जानकारी गराउँदै आएको छ र हालसालैदेखि सूचना प्रवाहका साथै जानेहरूका नाम संकलन पनि भइरहेको सबैलाई थाहै छ। यी सबै के का लागि गरिँदैछ ? किन जाने ? गएर के गर्ने ? र यस्ता अरू कति प्रश्नहरू छन्, स्पष्ट हुनु आवश्यक छ।

यो कार्यक्रम सम्बन्धी परमेश्वरसँग प्रार्थना चढाइहनेछौं। प्रभुले कति कुराहरू हामीलाई देखाउनुभएको छ, ती मध्ये केहीको चर्चा गर्ने कोशिष् गरिएको छ। हाम्रा मुक्तिदाता प्रभु येशूले आफू संसारमा आउनुभएको मुख्य कारण यसरी बताउनुभयो, "...म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।" (यूहन्ना १०:१०) मानिसहरूले उनीहरूको पूर्ण जीवन -आत्मा, प्राण र शरीरमा प्रशस्तता पाऊन् भन्ने उहाँको इच्छा हो। सिकर्मी परिवारमा जन्मनुभयो। परमेश्वरको इच्छा अनुसार उहाँको बोलावट बमोजिम सेवकाईमा प्रवेश नगरूञ्जेल उहाँले आफ्नो बुवा र परिवारको सहायता गर्दै रहनुभयो भनी हामी अनुमान गर्न सक्छौं। लूका २:५१ अनुसार उहाँ "तिनीहरूसँग (आमा बाबुसँग) नासरतमा जानुभयो र तिनीहरूका आज्ञाकारी भई बस्नुभयो।"

३० वर्षपछि आफ्नो पिता परमप्रभु परमेश्वरबाट पाउनुभएको बोलावट अनुसार सेवकाईका लागि बाहिर संसारमा निस्कनुभयो। उहाँ मानिस हुनुहुन्थ्यो र मानिसले झैं पानी र पवित्र आत्माको बप्तिस्मा लिनु-भयो। पवित्र आत्माले डोऱ्याउनु भएअनुसार उहाँले आफ्नो संसारको साढें ३३ वर्षको जीवन बिताउनुभयो। परमेश्वरले उहाँको निम्ति ठहराउनुभएको काम गर्न निस्कने क्रममा शैतानले मानिस येशूलाई रोक्ने प्रयास गऱ्यो। तर येशूले मानिसकै रूपमा त्यसको सामना गर्नुभयो र विजयी हुनुभयो। यी सबैमा पवित्र आत्मा उहाँसँग हुनु-हुन्थ्यो। त्यसपछि, "येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो ..." (लूका ४:१४)। उहाँले त्यहाँ शिक्षा दिने काम शुरू गर्नुभयो अनि त्यहाँबाट नासरतमा आउनुभयो र त्यहाँको सभा घरमा आफूले गर्ने कामको घोषणा गर्नुभयो (लूका ४:१८-१९)।

प्रभुले दिनुहुने प्रशस्तताको जीवन हाम्रो सम्पूर्ण जीवनको निमित्त हो अर्थात् हाम्रो आत्मा, प्राण र शरीर (१ थेसलोनिकी ५:२३) को लागि हो। प्रभु येशूले घोषणा गर्नुभएको सुसमाचारद्वारा विश्वास गर्नेहरूको परमेश्वरसित नयाँ सम्बन्ध कायम मात्र हुने होइन, तर उनीहरू नयाँ र फरक मानिस बन्दछन्। यो तथ्य थेसलोनिकी मण्डलीमा पूरा भयो। थेसलोनिकी मण्डलीका विशवासीहरूको जीवनमा क्रमिक रूपान्तरण उनीहरूको जीवनको सबै पक्षमा भएको थियो। पावल आफ्नो पत्रमा यसरी लेख्छन्:

-हाम्रा परमेश्वर पिताको सामुन्ने हाम्रा प्रभु येशू ख्रीष्टमा तिमीहरूका विश्वासका काम, प्रेमको परिश्रम र आशाको धैर्य निरन्तर सम्झन्छौं। १ थेसलोनिकी १:३

-भाइ हो, तिनीहरूका निम्ति परमेश्वरलाई सधैँ धन्यवाद चढाउन हामी बाध्य छौं। यो योग्य पनि छ, किनकि तिमीहरूको विश्वास प्रशस्त गरी वृद्धि भइरहेछ, र एकअर्काप्रति तिमीहरूको प्रेम बढिरहेछ। २ थेसलोनिकी १:३

थेसलोनिकी मण्डलीमा झैं प्रभु येशूमाथिको विश्वासले विश्वासीहरू, उनीहरूको परिवार र मण्डलीमा रूपान्तरण ल्याउँदछ। हाम्रो प्रार्थना, परमेश्वरको वचन, हाम्रो विश्वासद्वारा पवित्र आत्मा प्रभु यो रूपान्तरण हामीमा ल्याउनुहुन्छ।

माथिका साक्षी बाँड्नु हाम्रो मिशन यात्राको प्रमुख उद्देश्य हो। हामीले भ्रमण गर्ने मण्डलीका भाइबहिनीहरूले दूरीको, शिक्षाको कमि अथवा यस्तै कति कठिनाइका कारण हामीले उपभोग गर्न पाएका आशिषहरू अनुभव गर्न नसकेको हुनसक्छ। हामी "त्यहाँ" जान्छौं प्रभुको आशिष बाँड्छौं - यो आशिष माथि भने जस्तै हाम्रो आत्मिक जीवनसित मात्र सम्बन्धित छैन। हाम्रा जीवनका शारीरिक, भौतिक, मानसिक, भावनात्मक, सामाजिक आदि पक्षसित पनि सम्बन्धित छन्। एउटा भूल नगरौं- "हामी जान्ने भएर नजान्नेहरूलाई दिन वा सिकाउन गएका होइनौं।" हामी आशिष बाँड्न गएका हौं। हामीबाट उनीहरू सिक्छन् भने हामी पनि उनीहरूबाट सिक्न सक्छौं। पोहोर साल गएकाहरूका साक्षी यही थियो -"त्यहाँका मण्डलीको संगतिबाट हामीहरूले धेरै आशिष पायौं।"

हालैमा राष्ट्रभरका नेपालीहरूले 'नेपालको वर्तमान अवस्थालाई हृदयङ्गम गरी नेपाली जनताको भलाइको लागि परमेश्वरको प्रेम र प्रेरणाबाट उनीहरूले भोगेका सवालहरूलाई सामूहिक रूपमा छलफल र सहकार्यद्वारा समाधानको दिशामा अघि बढ्ने महान लक्ष्यका साथ नयाँ नेपाल निर्माणमा खीष्टियन प्रतिवद्धता अभियान २०६७ कार्तिकबाट सुरू भएको छ। यस कार्यक्रममा नेइम पनि संलग्न छ।

विभिन्न मण्डलीका प्रतिनिधि तथा अगुवाहरूले विभिन्न जिल्लाहरूमा भेला भई नेपालीहरूले भोगिरहेका सवाल (मुद्दा) हरूको पहिचान गरेको छ। यस्ता सवालहरू दुई सयभन्दा बढी छन्। ती सबैलाई एकैचोटि समाधान गर्न असम्भव छ। यसैले हाललाई तीमध्ये निम्न मुद्दाहरूलाई चयन गरिएको छ: बेरोजगारी, जातीय विभेद, भ्रष्टाचार, लैङ्गिक विभेद, महिला हिंसा, अशिक्षा।

माथिका सवालको समाधान मण्डली मात्र नसक्ला यसैले परिस्थिति र समय हेरी अन्य संघ/संस्था वा निकाय तथा व्यक्तिहरूसित मिलेर काम गर्नु पर्नेछ। यसको लागि पहिले त मण्डली आफू बलियो हुनुपऱ्यो। यसको लागि प्रार्थना र वचनद्वारा बलियो हुनुपर्ने आवश्यकता छ साथै माथि उल्लेखित सवालहरू त हामीले (मानिसहरूले) बनाएका वा चयन गरेका समस्या हुन्। हामीलाई सर्वज्ञानी परमेश्वरको अगुवाई खोज्नुपर्नेछ। यसैले हामीलाई ठीक मार्ग निर्देशन गर्नेछ।

प्रभु गरून् मिशन यात्रा २०११ बाट नेइम (आवद्ध लगायत) सबै मण्डलीले परमेश्वरको रूपान्तरण गर्ने आशिष पाऊन्।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
|---|---|---|---|---|---|---|
| आश्विन २१ गते<br>अक्टोबर ८ ता. | पाष्टर<br>पिटर लाइट | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>अशोक मुखिया | श्री<br>दानिएल घले | पाष्टर<br>दफ्तन सादा | डीकन<br>नवराज के.सी. |
| आश्विन २८ गते<br>अक्टोबर १५ ता. | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>जमान तामाङ्ग | श्री<br>दान बहादुर अधिकारी | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>श्री राम सुर्खेती |
| कार्तिक ५ गते<br>अक्टोबर २२ ता. | पाष्टर<br>राजेन्द्र कु. रोंगोंग | श्री<br>सिद्धि खालिङ | डीकन<br>सुरेश पुरकोटी | पा. रोल्याण्ड रोंगोंग<br>डी.श्याम कृष्ण रंजित | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>भिम खालिङ |
| कार्तिक १२ गते<br>अक्टोबर २९ ता. | एल्डर सामुएल क्षेत्री<br>एल्डर दिनेश न्यौपाने<br>पास्टर सामुएल कार्थक | श्रीमती<br>रश्मिला तामाङ्ग | श्रीमती<br>माला खालिङ | पाष्टर<br>बि.बि. खवास | श्री<br>वीर बहादुर देउला | श्री<br>रूद्र राई |
| कार्तिक १९ गते.<br>नोभेम्बर ५ ता. | पाष्टर अशोक मुखिया<br>पाष्टर रोबर्ट कार्थक<br>" | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>राजेन्द्र रोंगोंग | श्री<br>सिमोन भण्डारी | श्री<br>गंगा राम न्यासूर |

### प्रार्थनाको अनुरोध

आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक आश्विन २४ गते/अक्टोबर ११ ता. मंगलबार यू.एस.ए. वचनको सेवकाईको लागि जाँदैहुनुहुन्छ । उहाँ कार्तिक १० गते/अक्टोबर २७ ता. बिहीबार काठमाडौं फर्कनुहुनेछ । उहाँको साथमा पाष्टर सामुएल कार्थक पनि जाँदैहुनुहुन्छ । उहाँहरूको यात्रा र सेवकाईको लागि प्रार्थना गरिदिऔं ।

### मिशनेरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी) र पाष्टर अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत) उहाँहरूको सेवकाई र मण्डलीमा आशिष् मागिदिऔं । आगामी दिनहरूमा मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा मण्डलीहरूमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूलाई पनि आफ्नो प्रार्थनामा निरन्तर उचालिराखौं ।

### नव दम्पत्ति परिवारलाई हार्दिक बधाई

असोज २ गते/सेप्टेम्बर १९ ता. सोमबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री शर्मिला सुनुवार र नव जीवन चर्च चितवनको श्री आशिष श्रेष्ठ नव जीवन चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती आशिष/शर्मिला श्रेष्ठलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २ गते/सेप्टेम्बर १९ ता. सोमबार नेइम पनौती मण्डलीको सदस्य सुश्री सस्ता सुवाल र जोरपाटी मण्डलीको सदस्य श्री दिपेन्द्र लाल सिंह पनौती चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती दिपेन्द्र लाल/सस्ता सिंहलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबू | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | | |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | | |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कमलाक्षी, कालीमाटी गाम्छा र सुन्दरीजल | | |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती | | |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
| आश्विन २१ गते<br>अक्टोबर ८ ता. | पाष्टर<br>एल.पी. न्यौपाने | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | **संयुक्त सेवा**<br>पाष्टर महेश थाँजु | डीकनेस्<br>अमृता कार्थक | श्री<br>दिल मान तामाङ्ग |
| आश्विन २८ गते<br>अक्टोबर १५ ता. | पाष्टर<br>एल.पी.न्यौपाने | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | **संयुक्त सेवा – जोरपाटी चर्च** | | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी | श्री<br>धन बहादुर तामाङ्ग |
| कार्तिक ५ गते<br>अक्टोबर २२ ता. | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>बी.एन. पण्डित | डीकन<br>सुब्बा श्रेष्ठ | श्री<br>जय सिंह |
| कार्तिक १२ गते<br>अक्टोबर २९ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>गोपी राई | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>महेश थाँजु | एल्डर<br>बी.एन. पण्डित | श्री<br>धन बहादुर तामाङ्ग |
| कार्तिक १९ गते.<br>नोभेम्बर ५ ता. | पाष्टर<br>एल.पी.न्यौपाने | एल्डर<br>जमान तामाङ्ग | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | पाष्टर<br>बर्णबास श्रेष्ठ | **संयुक्त सेवा<br>गोंगबूँ चर्च** | श्री<br>दिल मान तामाङ्ग |

## जानकारी



भाद्र २४ गते/सेप्टेम्बर १० तारिक शनिबार नेपाली इसाई मण्डली गोंगबूँ चर्चमा आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थकज्यूबाट तीनजना डीकनहरू छोदेन कार्थक, राजु श्रेष्ठ र वीर नारायण पण्डितलाई एल्डर अभिषेक गरियो । उक्त सेवकाईमा पाष्टर द्वय एल.पी.न्यौपाने र बर्णबास श्रेष्ठ हुनुहुन्थ्यो ।

१. भाद्र १८ गते/सेप्टेम्बर ४ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा ११ जना विस्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

२. भाद्र ३१ गते/सेप्टेम्बर १७ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा १० जना बालबालिकाहरूको बाल अर्पण भयो ।



दिप ज्योति बस्नुहुने गोंगबूँ मण्डलीको सदस्य **श्री दल बहादुर तामाङ्ग ५८** वर्षको उमेरमा भाद्र १८ गते/सेप्टेम्बर ४ ता.आइतबार प्रभुमा सुत्नुभयो ।



कपन बस्नुहुने ज्ञानेश्वर मण्डलीको सदस्या **श्रीमती बीणा लामा ५२** वर्षको उमेरमा भाद्र २१ गते/सेप्टेम्बर ७ ता.मंगलबार प्रभुमा सुत्नुभयो ।

## अक्टोबर महिनाको कार्यक्रम

### शरद सम्मेलन

१. नेइम ललितपुर र गुरुजुधारा मण्डली -आश्विन १९-२१ गते/अक्टोबर ६-८ ता. बिहीबार देखि शनिबारसम्म, समयः बिहान १०:०० बजे

नेइम ज्ञानेश्वर, गोंगबूँ र साहुगाउँ मण्डली -आश्विन १८-१९ गते/अक्टोबर ५-६ ता. बुधबारदेखि बिहीबारसम्म, समयः १०:०० बजे

नेइम जोरपाटी, सिर्जनानगर, नगरकोट, सुन्दरीजल, गाम्छा, जहरसिंह पौवा र पनौती मण्डली -आश्विन १९ गते/अक्टोबर ६ ता बिहीबार, समयः बिहान १०:०० बजे

### महिला उपवास प्रार्थना

२. कार्तिक १ गते/अक्टोबर १८ ता. मंगलबार बिहान १०:०० बजे आ-आफ्नै मण्डली

### टिनेज यूथ क्याम्प

३. कार्तिक ८-१० गते/अक्टोबर २५-२७ ता. मंगलबारदेखि बिहीबारसम्म ज्ञानेश्वर मण्डली

### संयुक्त पुरुष रिट्रट

४. कार्तिक १० गते/अक्टोबर २७ ता. बिहीबार बिहान १०:०० बजे नेइम गोंगबूँ मण्डली

### नेइम मिशन सम्मेलन

नेइम मिशन सम्मेलन-कार्तिक २०-२२ गते/नोभेम्बर ६-८ तारिक आइतबारदेखि मंगलबारसम्म नेइम ज्ञानेश्वर मण्डलीमा

## प्रार्थनाका विषयहरू

१. शरद सम्मेलनको समयमा नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूमा वचनको सेवकाई र संगति दिन मण्डलीबाट जानुहुने सेवक/सेविकाहरूको सेवकाई, यात्रा, सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

२. नेइमअन्तर्गतका सबै मण्डलीहरू साथै नेपाल अधिराज्यभरि हुने शरद सम्मेलन तथा सेवा संगतिहरूको प्रार्थना गरिदिऔं ।

३. पानीको बप्तिस्मा लिनुभएका विश्वासीहरू र प्रभुलाई ग्रहण गर्नुभएका नयाँ विश्वासीहरूको लागि चाडपर्वको दिनहरूमा परमेश्वरमा स्थिर रहनको लागि अनुग्रह मागिदिऔं ।

४. कार्तिक २०-२२ गते/नोभेम्बर ६-८ ता. आइतबारदेखि मंगलबारसम्म नेइम ज्ञानेश्वर मण्डलीमा हुने मिशन सम्मेलनमा वचनको सेवकाई गर्नुहुनेहरू, देशभित्र र देशबाहिरबाट आउनुहुने मिशनेरी तथा सेवक/सेविकाहरूको यात्रा, सुरक्षा, सम्मेलनको लागि आवश्यक रकम साथै मिशन विभागमा हुनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

५. नेपालका मण्डलीहरूको लागि मृत्युपश्चात् सव दफन गर्नको लागि नेपाल सरकारले जग्गा उपलब्ध गराउन जग्गा खोज्ने काम भएकोमा समयमा नै जग्गा उपलब्ध हुन सकोस् भनी प्रार्थना गरौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १५ 2<br>मण्डलीमा सम्पूर्ण क्षेत्रमा सहयोग पुऱ्याइ राख्नुभएकाहरूको व्यक्तिगत, परिवार र सेवकाईमा आशिष् मागिदिऔं ।<br>**भजनसंग्रह १०१:६-७** | २२ 9<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं ।<br>**एज्रा ७:१०** | २९ 16<br>मण्डलीलाई अगुवाई गरिराख्नुभएका सेवक/सेविकाहरू एउटै दर्शनमा अघि बढ्न र मण्डलीलाई पनि बढाउन सकून् ।<br>**भजनसंग्रह १०३:७** | ६ 23<br>विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाई, प्रशंसा कहिले पनि नरोकेको होस् ।<br>**प्रेरित २:४२-४७** | १३ 30<br>इस्राएल देशमा रहेका सम्पूर्ण यहूदीहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>**फिलिप्पी २:१०-११** |
| **सोमबार Monday** | १६ 3<br>शरद सम्मेलनको समयमा शाखा/आवद्ध मण्डलीहरूमा सेवकाईको लागि जानुहुनेहरूको सुरक्षा साथै सेवकाईको निम्ति प्रार्थना गरिदिऔं ।<br>**प्रस्थान २३:२०** | २३ 10<br>मण्डलीका प्रत्येक परिवारले परमेश्वरलाई आफ्नो परिवारमा पहिलो स्थान दिन सकून् र परिवारमा पारिवारिक वेदी ननिभेको होस् ।<br>**प्रेरित १०:१-२** | ३० 17<br>भोलिको उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुराहरू देख्न सकौं ।<br>**१ यूहन्ना ५:१४-१५** | ७ 24<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएका प्रार्थनाको उत्तर पर्खन, उत्तर पाएकोमा साथै उत्तर नपाएकोमा पनि सधैं धन्वादी हुन सकौं ।<br>**१ थेसलोनिकी ५:१६-१८** | १४ 31<br>प्रभु येशूमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागौं ।<br>**हबकूक ३:१७-१९** |
| **मंगलबार Tuesday** | १७ 4<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>**१ तिमोथी १:१२** | २४ 11<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून्<br>**यशैया ३५:३-७** | १ कार्तिक 18<br>आफूले पाएको विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>**रोमी १२:६-८** | ८ 25<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र आफन्तहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>**तीतस ३:१-३** | १५ November 1<br>आत्मिकी सेवामा पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुट्कारा, बल, साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं ।<br>**भजनसंग्रह ७३:२३-२८** |
| **बुधबार Wednesday** | १८ 5<br>शरद सम्मेलनको समयमा नेपाल अधिराज्यभरि हुने विभिन्न सेवा संगतिहरूको लागि प्रभुबाटको आशिष मागिदिऔं ।<br>**यशैया ५५:१-१३** | २५ 12<br>मण्डलीका विश्वासीहरू एकले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान्नेहरू र एकअर्काको अधीनमा रहि परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>**फिलिप्पी ४:५-७** | २ 19<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>**भजनसंग्रह ६०:११-१२** | ९ 26<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिंदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | १६ 2<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**एफिसी ६:१०-१८** |
| **बिहीबार Thursday** | १९ 6<br>शरद सम्मेलनमा सुनेको वचनमा सबै आज्ञाकारी भएको कारण परिवार-परिवारबाट परमेश्वरलाई महिमा भएको होस् ।<br>**यशैया ५०:४-८** | २६ 13<br>प्रत्येक बालबालिकाहरू सानै उमेरदेखि नै परमेश्वरको अधीनमा रहि आफ्ना बाबु-आमाको आदर गर्ने र आज्ञाकारी हुन सकून् ।<br>**एफिसी ६:१-२** | ३ 20<br>हरेक अभिभावकहरू आफै पनि प्रभुमा रहि आफ्ना छोराछोरीहरूलाई पनि प्रभुबाटको शिक्षा र अनुशासनमा हुर्काउनेहरू हुन सकून् ।<br>**व्यवस्था ६:४-१२** | १० 27<br>मण्डलीका प्रत्येक जवानहरू आफ्नो जीवन प्रभुमा पूरा समर्पित भएर जिउन सकून् र परमेश्वरको निम्ति आफैलाई संसारको कुराबाट अलग राख्न सकून् ।<br>**१ यूहन्ना २:१५-१७** | १७ 3<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>**१ पत्रुस ३:१-१७** |
| **शुक्रबार Friday** | २० 7<br>भोलि आराधना सेवामा वचनको सेवकाई, स्तुति प्रशंसा झुण्ड, सुसमाचार सुनाउनु हुनेहरू साथै सहभागीहरूको निम्ति प्रार्थना गरिदिऔं<br>**२ कोरिन्थी २:१४-१७** | २७ 14<br>भोलि नेपालभरि हुने आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>**हितोपदेश ८:३२-३३** | ४ 21<br>मण्डलीमा प्रचार गरिएको वचनद्वारा विभिन्न उद्देश्य लिएर आउनुभएका हरेकको हृदय परिवर्तन भएको होस् ।<br>**हिब्रू ४:१२-१३** | ११ 28<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>**भजनसंग्रह २२:५** | १८ 4<br>हामी कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>**भजनसंग्रह ८४:१-६** |
| **शनिबार Saturday** | २१ 8<br>नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली बनिंदै जान सकौं ।<br>**कलस्सी १:१२** | २८ 15<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>**हिब्रू १२:१** | ५ 22<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>**प्रकाश ३:१५-१६** | १२ 29<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>**हितोपदेश ३:९-१०** | १९ 5<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाई गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>**हितोपदेश ११:१** |



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४८२५/४४१८१७२ Email:nim@wlink.com.np, www.nim.org.np